प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३५ ॥ २०८२ असोज ३१ गते शुक्रबार (17th Oct 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# नयाँ मतदाता नामावलीमा युवा पुस्ताको आकर्षण

• लक्ष्मी उप्रेती

मेचीनगर । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय झापा पूर्वतयारीमा जुटेको छ । निर्वाचन आयोगले फागुन २१ गते तोकिएको प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन कार्यतालिका समेत स्वीकृत गरिसकेको छ ।

२०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आयोगले गर्नुपर्ने कार्यहरूलाई समयबद्ध रूपमा सञ्चालन गर्न आयोगबाट निर्वाचन कार्यतालिका स्वीकृत भएको हो ।

जेनजी पुस्ताको आन्दोलनपछि गठन भएको नयाँ सरकारले तोकेकै समयमा निर्वाचन सम्पन्न गर्न सक्ने हो कि होइन भन्नेबारे आमचासो बढिरहेका बखत अहिले जिल्ला निर्वाचन कार्यालय झापाले निर्वाचनका कामलाई तीव्ररुपमा अघि बढाएको हो ।

भदौ २३ र २४ मा जेनजी पुस्ताले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा, भ्रष्टाचारको अन्त्य र सुशासनको मागसहित गरेको आन्दोलनपश्चात् छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने म्यान्डेटसहित पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै प्रतिनिधिसभा विघटन भएको थियो ।

राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा २०८२ भदौ २७ गते वर्तमान प्रतिनिधि सभाको



विघटन गर्दै २०८२ फागुन २१ गते बिहीबारका दिन नयाँ प्रतिनिधिसभाको निर्वाचन गर्ने गरी मिति तोकेका थिए ।

फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराउने गरी मिति तय भएपछि कार्यालय निर्वाचनको पूर्वतयारीमा जुटेको कार्यालय प्रमुख तुलसीप्रसाद नेपालले बताए । कार्यालयले असोज १३ गतेबाट नयाँ मतदाताहरुहरुको मतदाता नामावलीमा नाम दर्ता गर्ने काम धमाधम गरिरहेको कार्यालय प्रमुख नेपालले बताए ।

औसतमा दैनिक तीनसयको हाराहारीमा मतदाता नामावली दर्ताको काम हुने गरेको छ । ' निर्वाचन कार्यालयले निर्वाचन आयोगले तोके बमोजिम मतदाता नामावलीमा नाम दर्ता गर्ने काम भईरहेको छ' कार्यालय प्रमुख नेपालले भने, ' त्यसपछि निर्वाचनका लागि आवश्यक पर्ने सामग्रीहरुको लेखाजेखा गर्ने काम समेत भइरहेको छ ।' शुरुका दिन दैनिक दुईसयको हाराहारीमा मतदाताहरु आएर नाम दर्ता गर्ने गरेको भए पनि पछिल्लो समय त्यो संख्या बढेको नेपालले सुनाए । 'अहिले औसतमा दैनिक तीनसयका दरले जिल्ला निर्वाचन कार्यालय झापामा नाम दर्ता भईरहेको छ'उनले भने । निर्वाचन आयोगले कात्तिक ३० गतेसम्म मतदाता नामावली संकलनको काम गर्ने जनाएको छ ।

यसरी नै नाम दर्ता गर्न मतदाताहरु स्वतःस्फूत रुपमा सहभागी भए झापाको कुल मतदाता संख्या झण्डै सात लाख बढी पुग्ने अनुमान गर्न सकिने उनको भनाई छ । कार्यालयको अभिलेख अनुसार २०८१ साल चैत मसान्तसम्म झापाको मतदाता संख्या तीन लाख ३८ हजार आठ सय ६२ महिला, तीन लाख ३८ हजार सात सय सात पुरुष र आठ अन्य गरी कुल छ लाख ७७ हजार पाँच सय ७७ जना रहेको छ ।

पछिल्लो समय मतदाता नामावलीमा नाम दर्ता गर्नेमा युवापुस्ताको निक्कै आकर्षण छ । अहिलेसम्म दर्ता भएका नाममा करीब

❖ बाँकी पृष्ठ ३ मा

## झापामा बाढीका कारण पाँच करोडको धान नष्ट

झापा(प्रस) । असोज १८ देखि २० गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीले झापामा ४६३ दशमलव ४२ हेक्टर जमिनको धानबाली नष्ट गरेको छ । कृषि ज्ञान कार्यालयका प्रमुख सागर विष्टले ७०३ कृषकको पाँच करोड ७५ लाख २३ हजार बराबरको एक हजार ६४४ दशमलव ३३ मेट्रिक टन धान नष्ट गरेको जानकारी दिए। 'बाढीले अन्य कृषिबालीमा पनि क्षति गरेको छ, तर धानमा जति अरुमा छैन,' उनले भने,' पाक्न लागेको धान बाढीले बगाउँदा किसानको बिचल्ली भएको छ ।' वर्षाका कारण कनकाई र विरिङ नदीमा आएको बाढीले सबैभन्दा बढी धान खेत बगाएको छ । बाढीले गौरीगञ्ज,

❖ बाँकी पृष्ठ ३ मा

## निर्वाचनको वातावरण बनाउन सरकारलाई दलहरूको आग्रह

झापा(प्रस) । सरकारले चुनावी वातावरण बनाउन ध्यान नदिएको राजनीतिक दलहरूले आरोप लगाएका छन् । प्रतिनिधिसभा निर्वाचनका सन्दर्भमा छलफलका लागि निर्वाचन आयोगले बिहीबार बोलाएको बैठकमा दलहरूले सरकारले आश्वस्त नपारेसम्म स्वतन्त्र, निष्पक्ष र भयरहित चुनाव हुनेमा आशंकासमेत व्यक्त गरे ।
सरकारले यस्तो छलफल गराउनुपर्नेमा कहिले राष्ट्रपति त कहिले आयोगबाट भइरहेकामा दलका प्रतिनिधिले प्रश्न उठाएका थिए । सरकार राजनीतिक दलहरूसँग दिनानुदिन टाढा हुने व्यवहार गरिरहेको कांग्रेसका प्रचारप्रसार विभाग प्रमुख मीन विश्वकर्माले बताए । 'शान्ति सुरक्षाको जिम्मेवारी लिएका मन्त्री आफैंले राजनीतिक दललाई उत्तेजित बनाउने अभिव्यक्ति दिइरहेका छन् । सरकार प्रतिशोधले ग्रसित देखिन्छ,' उनले भने, 'यस्तो स्थितिमा सरकारले स्वस्थ र सफा वातावरण बनाएर चुनाव गराउला भन्ने विश्वास कसरी गर्ने ?' संविधानलाई 'ट्र्याक' मा ल्याउन निर्वाचनको विकल्प नरहेको भन्दै आफ्नो दल कानुनी संवैधानिक बाटो खुला राख्दै निर्वाचनमा भाग लिने पक्षमा रहेको उनले उल्लेख गरे ।
'तर निर्वाचन, निर्वाचन भनेर मात्रै हुँदैन । त्यसका लागि वातावरण खोइ ? निर्वाचनको विकल्प छैन । तर, हुन्छ कसरी ? यो विषय अहिले सबैको मनमा छ,' उनले भने, ' प्रहरीका हातहतियार, गोली लुटिएका छन् । कार्यालय जलाइएका छन् । अत्यासलाग्दो परिस्थिति छ । सरकारले त्यसलाई एउटा लयमा फर्काउनु पर्दैन ?' लुटपाट, आगजनी गर्नेलाई कारबाही नगर्ने तर राजनीतिक दलसँग प्रतिशोध साँध्ने सरकारको व्यवहारले वातावरण नबन्ने उनको भनाइ थियो ।

एमाले उपाध्यक्ष गुरु बरालले सरकार र राजनीतिक दलबीच संवादको अभाव रहेको बताए । ' निर्वाचनपूर्वको वातावरण बनाउने जिम्मेवारी सरकारको हो । तर, सरकार उल्टो बाटोमा हिँडेको छ,' उनले थपे, 'नेताहरूलाई स्थानहद तोक्ने, राहदानी रोक्का गर्ने काममा लागेको छ । सभा, जुलुस रोक्ने आदेश दिन्छ । यसले निर्वाचनको वातावरण बनाउँदैन ।' सरकारी कार्यालय, मन्त्रालय, व्यावसायिक प्रतिष्ठान, निजी आवाजमा आगजनी गर्ने, लुटपाट गर्नेलाई कारबाहीको दायरामा नल्याउने भने शान्ति सुरक्षालाई लिएर विश्वास पैदा नहुने उनको भनाइ थियो । ठूलो संख्यामा प्रहरीका हतियार र गोली अवाञ्छित तत्त्वको हातमा पुगेकाले भयमुक्त चुनाव हुनेमा उनले आशंका व्यक्त गरे ।
प्रतिनिधिसभा विघटनको विषयमाथि संवैधानिक प्रश्न रहेको भन्दै उनले सर्वोच्चमा मुद्दा पुगेकाले त्यसको निरूपणलाई पनि कुर्नुपर्ने उनको भनाइ थियो । चुनावलाई लिएर कसैमा 'कन्फिडेन्स' नरहेको भन्दै सरकारले दलसँग खुलेर छलफल गर्नुपर्ने भनाइ उनले राखेका थिए ।

## सरकारले फिर्ता बोलायो ११ देशका राजदूत



झापा(प्रस) । सरकारले चीनसहित विभिन्न ११ देशका राजदूत फिर्ता बोलाएको छ । बिहीबारको मन्त्रिपरिषद् बैठकले राजनीतिक नियुक्त भएका राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री जगदीश खरेलले जानकारी दिए ।
उनका अनुसार बैठकमा चीन, जर्मनी, इजरायल, कतार, मलेसिया, रुस, साउदी अरब, स्पेन, बेलायत, अमेरिका र जापानका राजदूत फिर्ता बोलाउने निर्णय भएको हो । फिर्ता बोलाइएका राजदूतहरुलाई कात्तिक २० भित्र नेपाल फर्कन भनिएको छ ।

फिर्ता बोलाइएकामा चीनमा कृष्णप्रसाद ओली, जर्मनीमा शैल रुपाखेती, इजरायल धनप्रसाद पण्डित, मलेसिया नेत्रप्रसाद तिमिल्सिना, कतार रमेशचन्द्र पौडेल, रुस जंगबहादुर चौहान, साउदी अरब नरेशविक्रम ढकाल, स्पेन सनिल नेपाल, बेलायत चन्द्रकुमार घिमिरे, अमेरिका लोकदर्शन रेग्मी र जापान दुर्गाबहादुर सुवेदी छन् ।

## डुबेर एकै घरका दुईसहित तीन बालिकाको मृत्यु

झापा(प्रस)। झापाको गौरादहमा खोलामा डुबेर एकै घरका दुईसहित तीन बालिकाको मृत्यु भएको छ । बिहीवार दिउँसो अन्दाजी १:१० बजे स्थानीय कृष्ण खोलामा जमेको पानीमा माछा मार्न गएका बालिकाहरुको डुबेर मृत्यु भएको हो । गौरादह -९ खजुरबारी बस्ने अन्नु मगरकी छोरी बर्ष ९ की स्वीकृति मगर र उनकी बहिनी बर्ष ७ की सुष्मा मगर , सोही ठाउँ बस्ने रोमन (मोते) परियारकी छोरी बर्ष-११ की रोश्नी परियार र राजकुमार राईकी छोरी बर्ष अन्दाजी १० की युनिसा राई खोलामा जमेको पानीमा माछा मार्न गएका थिए । संगै गएका तीनजना पानीमा डुबेको देखेपछि युनिसा राईले घरमा गई अभिभावकलाई जानकारी गराएकी थिइन् ।



अभिभावकहरु आई पानीबाट बाहिर निकाल्दा तीनै जनाको मृत्यु भइसकेको थियो । घटनाबारे स्थानीयले अस्थाई प्रहरी चौकी बैगुनधुरामा जानकारी गराएका थिए । प्रहरी सहायक निरीक्षक बेनुप्रसाद ढकालको कमाण्डमा प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको. थियो । थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इप्रका झिलझिलेबाट प्रहरी निरीक्षक सुशिल थापा मगरको कमाण्डमा प्रहरी टोली गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## करेन्ट लगाएर माछा मार्दा लिम्बूको मृत्यु



झापा(प्रस) । करेन्ट लगाएर माछा मार्दा मेचीनगरका एक व्यक्तिको मृत्यु भएको छ । बिहीवार दिउँसो २.३० बजे मेचीनगर -१५ निलकोठी बस्ने ४२ वर्षीय सन्तोष लिम्बूले घरनजिकै रहेको टिमाई नहर (कुलो)मा करेन्ट लगाई माछा मार्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो ।बेहोस भएका लिम्बूलाई उपचारको लागि मेची आम्दा अस्पताल धुलाबारी लगिएकोमा अस्पताल पुग्नसाथ चिकित्सकले मृत घोषणा गरेका थिए ।

घटनाबारे जानकारी प्राप्त हुनसाथ इलाका प्रहरी कार्यालय धुलाबारीबाट टोली खटिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि.
बिर्तामोड-३ , बिर्ताबजार
प्रकाशित मिति-२०८२/०६/३१

साधारण सभा सम्बन्धी सूचना

यस पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्थाको मिति २०८२ असोज २९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २३ औं साधारण सभा तथा तेस्रो अधिवेशन आगामी कात्तिक २७ गते विहीवार गरिने भएको हुँदा सम्पूर्ण सदस्य ज्यूहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । झापा नेत्रहीन संघको कार्यालयमा हुने साधारण सभाको समयबारे पछि जानकारी गराइने छ ।

यादव कुमारी तिम्सिना
अध्यक्ष



# नेपाल ट्वान्टी–२० विश्वकप छनोटको उपाधितर्फ

झापा(प्रस) ।नेपालले ट्वान्टी-२० विश्वकप एसिया-इस्ट एसिया प्यासिफिक छनोटको सुपर सिक्समा बुधबार ओमानलाई ३८ रनले पराजित गरेको छ ।

१ सय ५२ रनको लक्ष्य लिएर आएको घरेलु टोली ओमानले मस्कटको अल एमेरेट क्रिकेट मैदानमा ९ विकेट गुमाई १ सय १३ रनमात्र बनाउन सक्यो । सुपर सिक्समा नेपालको यो लगातार तेस्रो जित हो । ओमानले प्रतियोगितामा पहिलो पराजय भोगेको हो । नेपालको अब ८ अंक पुगेको छ भने ओमानको ६ अंक छ । नेपालले शुक्रबार हुने अन्तिम खेलमा सामाओलाई पराजित गरे प्रतियोगिता नै जित्नेछ ।

दिनको खेलको दुई नतिजा आफूअनुकूल आएपछि नेपाल र ओमान मैदानमा उत्रिनुअगाडि नै विश्वकपमा पुगेका थिए । नेपालको हकमा यो लगातार दोस्रो र कुल तेस्रो विश्वकप प्रवेश हो । बुधबारको पहिलो २ खेलमा कतारले जापानलाई ३ विकेटले र यूएईले सामाओलाई ७७ रनले पराजित गरेका थिए ।

सोमपाल कामीले ओमानका कप्तान जतिन्दर सिंहलाई तेस्रो ओभरमै आउट गरी नेपाललाई उत्कृष्ट सुरुवात दिलाएका थिए । २ छक्का प्रहार गरेका जतिन्दरले ११ बलमा १४ रन बनाए । अर्को ओभरमा नन्दन यादवले अर्का ओपनर हमाद मिर्जालाई ४ रनमा आउट गरे । अमिर कलिमलाई दीपेन्द्रसिंह ऐरीले सिधा थ्रोमा १ रनमा रनआउट गरे । दीपेन्द्रले लगातार पाँचौं खेलमा सिधा थ्रोमा रनआउट गरेका हुन् । आर्यन विष्टले २४ बल खेली ११ रन बनाए । सन्दीप लामिछानेको बलमा उनी बाउन्ड्री लाइनमा वैकल्पिक फिल्डर



आरिफ शेखबाट समातिए ।

त्यसपछि गुलशन झाले मोहम्मद नदिम र जितेन रामानन्दीलाई लगातार बलमा शून्यमा आउट गरे । मोहम्मद नदिमले ३१ बल खेली १ छक्का प्रहार गर्दै २५ रन बनाए । गुलशनले यसअघि नै नदिम खानलाई १ रनमा आउट गरेका थिए । विनायक शुक्लाले ओमानबाट सर्वाधिक ३२ रन बनाए । १९ बल खेली १ चौका र ३ छक्का प्रहार गरेका उनी सोमपालको बलमा आउट भए ।


सुफियान मेहबुबले ९ रन बनाए । उनलाई नन्दनले आउट गरे । सकिल अहमद ८ र साह फैजल ३ रन बनाई अविजित रहे । गुलशनले ४ ओभरमा ३१ रन खर्चेर ३ विकेट लिए । नन्दनले ४ ओभरमा १९ र सोमपालले ४ ओभरमा २५ रन खर्चेर २-२ विकेट लिए । सन्दीपका नाममा १ विकेट रह्यो ।

यसअघि टस जितेर ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ९ विकेट गुमाई १ सय ५१ रन बनाएको थियो । प्रतियोगितामा नेपालले पहिलो पटक १ सय ५० रनमाथिको स्कोर बनाएको हो ।

कुशल भूर्तेल र आसिफ शेखले सानदार सुरुवात दिलाए पनि नेपालको मध्यक्रमको ब्याटिङले पुनः निराश बनाउन पुग्यो । यी दुईले ८ ओभरभित्र ६१ रन जोडेका थिए । आसिफ २० बल खेली २ चौका र १ छक्का प्रहार गरी २४ रन बनाई नदिम खानको बलमा बोल्ड भए ।

नदिमले कप्तान रोहित पौडेललाई १ रनमा राउन्ड द लेगमा बोल्ड गरे । नदिमले उत्कृष्ट बलिङ गर्दै नेपालको माथिल्लो क्रमका चार विकेट लिने क्रममा दीपेन्द्रलाई २ र कुशल मल्ललाई ७ रनमा आउट गरे । यस प्रतियोगितामा पूर्ण असफल रहेका मल्लले आफ्नो इनिङ्सका क्रममा ट्वान्टी-२० अन्तर्राष्ट्रियमा १ हजार रन पूरा गरेका थिए । आदिल आलम अन्सारीले १५ बल खेली ३ चौका प्रहार गरी १६ रन बनाए । भूर्तेलले ५१ बलमा ६९ रन बनाए । १८ औं ओभरमा एलबीडब्लू आउट भएका भूर्तेलले ७ चौका र १ छक्का प्रहार गरे । १९ औं ओभरमा लगातार २ छक्का प्रहार गरेका गुलशन झाले १० बलमा १८ रन बनाए । इनिङ्सको अन्तिम बलमा रनआउट भएका नन्दनले ४ बलमा ९ रन बनाए । सोमपाल १ रनमा अविजित रहे ।ओमानबाट देव्रेहोत स्पिनर नदिमले ४ ओभरमा २० रन खर्चेर ४ विकेट लिए । सुफियानले ४ ओभरमा २९ र रामानन्दीले ४ ओभरमा २६ रन खर्चेर २-२ विकेट लिए ।

# महाभारतमा कर्णको भूमिका निभाएका पंकज धीरको निधन



झापा(प्रस) । बहुचर्चित महाभारत टेली श्रृंखलामा कर्णको भूमिका निभाएर चर्चित भएका अभिनेता पंकज धीरको निधन भएको छ । उनको बुधबार बिहान निधन भएको भारतीय मिडियाले जनाएका छन् । ६८ वर्षीय पंकज लामो समयदेखि क्यान्सरसँगजुधिरहेका थिए । रोग धेरै बल्झिएपछि केही महिनाअगाडिउनको मेजर अप्रेसन गरिएको थियो ।

सन् १९८८ मा दूरदर्शनमा प्रसारित बीआर चोपडाको टिभी सिरियल ‘ महाभारत’ मा कर्णको भूमिका निभाएपछि उनी लोकप्रिय भएका थिए ।

महाभारतका अलावा उनले चन्द्रकान्ता जस्ता लोकप्रिय श्रृंखलामा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । पञ्जाबमा जन्मिएका धीरले फिल्महरूमा पनि काम गरेका थिए, तर टेलिभिजन नै उनको मुख्य पहिचान बनेको थियो। उनको अन्तिम संस्कार बुधबार नै मुम्बईको विले पार्लेस्थित श्मशान गृहमा गरिएको छ ।

# जेनजी आन्दोलनका घाइतेको उपचार खर्च १ अर्ब बढी

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा घाइते भएकाहरूको उपचार खर्च एक अर्बभन्दा बढी लाग्ने भएको छ । भदौ २३ र २४ गते आन्दोलनका क्रममा घाइते भएकाहरूको निःशुल्क उपचार गर्ने सरकारले नीति लिएको थियो ।

यस्तैमा निजी अस्पतालहरूले आन्दोलनमा घाइतेहरूको उपचार निःशुल्क गर्ने घोषणा गरे पनि शुल्क लिएको गुनासो बढ्न थालेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार आन्दोलनमा घाइते भएकामध्ये धेरैलाई लामो समयसम्म उपचार गराउनुपर्ने हुन्छ । केहीले शरीरका महत्त्वपूर्ण अङ्गहरू नै गुमाएका कारण उपचार खर्च एक अर्बभन्दा बढी लाग्ने अनुमान छ ।

उनका अनुसार घाइतेहरूको उपचार खर्च मन्त्रालयले सीधै अस्पताललाई भुक्तानी गर्नेछ ।

आन्दोलनमा घाइतेमध्ये ६५ जनाको सघन उपचार कक्ष (आईसीयू) मा उपचार गरिएको थियो । यस्तै केही घाइतेलाई राजधानीभन्दा बाहिर एम्बुलेन्सबाट पुर्‍याउनुपर्ने र महँगा औषधि प्रयोग गर्नुपर्ने हुँदा खर्च बढ्ने मन्त्रालयको अनुमान छ ।

जेनजी आन्दोलनका क्रममा २५ सय ७२ जना घाइतेले विभिन्न अस्पतालहरूमा उपचार सेवा लिएका थिए । जसमध्ये उपचारपछि २५ सय ३ जना पूर्ण स्वस्थ भई घर फर्किसकेका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार घाइतेमध्ये २ सयभन्दा बढीलाई गम्भीर खालको चोटपटक लागेको छ । यस्तै, ६ जनाले एउटा खुट्टा गुमाएका छन् भने एक जनाले एउटा हात गुमाएका छन् । आन्दोलनका क्रममा एक जनाले कान र एक जनाले आँखा गुमाएका छन् । एक जनाको हात खुट्टामा गोली लागेको छ । यस्तै, ६० भन्दा धेरैलाई छातीमा र १७ जनालाई पेटमा गोली लागेको छ । प्रवक्ता डा. बुढाथोकीका अनुसार यस्ता खालका घाइतेहरूको उपचार र फलोअप आवश्यक पर्छ ।

जेनजी आन्दोलनका घाइतेहरूको उपचार निजी अस्पतालहरूले निःशुल्क गर्ने घोषणा गरेका थिए । मन्त्रालयका अनुसार केएमसी, ह्याम्सलगायत अस्पतालहरूले घाइतेसँग उपचारको पैसा मागेको गुनासो आएको छ ।

यी घाइतेहरूको वर्गीकरणका लागि स्वास्थ्य मन्त्रालयका डाक्टर सरोज शर्माको संयोजकत्वमा घाइते वर्गीकरण प्राविधिक समिति गठन गरिएको छ ।

प्राविधिक समितिमा राष्ट्रिय ट्रमा सेन्टरका हाडजोर्नी विशेषज्ञ डा. विनोद शेरचन, वीर अस्पतालका नाक कान घाँटी रोग विशेषज्ञ डा. अनिल जिसी, आँखा रोग विशेषज्ञ डा. शंकर ठाकुर, त्रिवि शिक्षण अस्पतालका स्नायू रोग विशेषज्ञ डा. गोपाल सेडाईं, पाटन अस्पतालका जनरल मेडिसिन विशेषज्ञ डा. सुमन थापा, सिभिल अस्पतालका शल्य चिकित्सक डा. रविन पण्डित, मानसिक अस्पतालका मानसिक रोग विशेषज्ञ डा. ईश्वरी खनाल, गृह मन्त्रालयका उपसचिव सुप्रभा ढुंगेल र स्वास्थ्य मन्त्रालयका उपसचिव ईश्वरी प्रसाद ढकाल सदस्य रहेका छन् ।

प्रवक्ता डा. बुढाथोकीले यस समितिले घाइतेहरूको चोटपटकको गम्भीरता र शरीरका विभिन्न अंगमा पुगेको क्षतिको वर्गीकरण गर्ने कार्य भइरहेको बताए । उनले भने, ‘अस्पतालहरूबाट विस्तृत विवरण प्राप्त भएपछि कुन प्रकृतिका घाइते बढी थिए भन्ने यकिन हुनेछ । अस्पतालहरूले घाइतेको अवस्थासहितको विस्तृत विवरण स्वास्थ्य मन्त्रालयलाई पठाउँदैछन् ।’

मन्त्रालयका अनुसार जेनजी आन्दोलनमा घाइते भएकामध्ये ९७ प्रतिशतभन्दा बढीको सफल रिकभरी भएको छ ।

हाल १९ घाइतेहरू मात्र अस्पतालमा उपचाररत छन् । उनीहरूको अवस्था पनि सामान्य रहेको मन्त्रालयले जनाएको छ । राष्ट्रिय ट्रमा सेन्टरमा ८ जना, काठमाडौं मेडिकल कलेज टिचिङ हस्पिटलमा ३ जना, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा ३ जना, पाटन एकेडेमी अफ हेल्थ साइन्सेजमा १ जना, नेपाल प्रहरी अस्पतालमा १ जना, बी एण्ड बी हस्पिटलमा २ जना र नोबेल मेडिकल कलेज टिचिङ हस्पिटलमा १ जना उपचाररत छन् ।

यस अवधिमा ११ सय ६८ जना घाइतेहरूले आपत् कालीन एम्बुलेन्स सेवा प्रयोग गरेका थिए । जेनजी घाइतेहरूको उपचार देशभरका १६ संघीय अस्पतालहरूमा गरिएको थियो ।

# ५४ प्रतिशत हस्ताक्षरसहित कांग्रेसमा विशेष महाधिवेशनको माग

झापा(प्रस) । जेन-जी आन्दोलनले उठाएका मुद्दा सम्बोधन गर्न तत्काल पार्टीभित्रको पुनर्गठन आवश्यक भएको ठहर गर्दै कांग्रेसमा विशेष महाधिवेशनको माग गरिएको छ । कांग्रेसका युवा नेताहरूको पहलमा विधानको धारा १७ (१) अनुसार ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षरसहित विशेष महाधिवेशनको माग गरिएको हो ।

महाधिवेशन प्रतिनिधिहरूका तर्फबाट युवा नेताहरू गुरुराज घिमिरे, देवराज चालिसे, सुरेन्द्रप्रसाद चौधरी, सुवासकुमार पोखरेल, उज्ज्वल बराल, रमेशप्रसाद धमला, दिक्पाल शाही, भरत खड्कासहित १७ जनाको हस्ताक्षरसहित पार्टी केन्द्रीय कार्यालय सानेपामा पुगेर विशेष महाधिवेशनको निवेदन दर्ता गराएका हुन् ।

उनीहरूले कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई विशेष महाधिवेशन बोलाउनुपर्नाको कारणबारेको पत्र र पार्टी केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्ण पौडेललाई महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षरको सूची बुझाएका छन् । पार्टीको नीति, नेतृत्व र संरचनाबारे गहन छलफल र आत्मसमीक्षाका लागि केन्द्रीय कार्यसमितिको सीमित निर्णय अपर्याप्त रहेकाले नियमित वा विशेष महाधिवेशन मात्रै अहिलेको विकल्प भएको उनीहरूको भनाइ छ ।

कांग्रेसमा १४ औं महाधिवेशनका प्रतिनिधिको संख्या ४ हजार ७ सय ४३ छ । त्यसमध्ये निधन भएका र पार्टी छाडेकाको संख्या १ सय २८ छ । विशेष महाधिवेशनको माग राखेर हस्ताक्षर गर्नेको संख्या २४ सय ८८ पुगेको नेता गुरुराज घिमिरेले बताए । यसरी हेर्दा विशेष महाधिवेशनका लागि कुल महाधिवेशन प्रतिनिधिमध्ये ५३.९१ प्रतिशतले हस्ताक्षर गरेका छन् । ०७९ मंसिरमा भएको १४ औं महाधिवेशनबाट शेरबहादुर देउवा ६० प्रतिशत मत ल्याएर निर्वाचित भएका थिए । त्यतिबेलाका देउवाका प्रतिस्पर्धी शेखर कोइरालाले ४० प्रतिशत मत प्राप्त गरेका थिए ।

सभापति र उनी पक्षधर नेताहरू विरोधमा हुँदाहुँदै पनि विशेष महाधिवेशनको पक्षमा बहुमत प्रतिनिधिहरूको हस्ताक्षर पुगेको हो । विशेष महाधिवेशनका लागि निवेदन दर्ता हुनुअगाडि नै देउवाले कार्यकारी भूमिकाबाट विश्राम लिएका छन् । उनले मंगलबारको केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै उपसभापति खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिने निर्णय लिएका थिए । साथै देउवाले तोकिएको समयभित्रै महाधिवेशन गराउन कार्यवाहक सभापतिको ध्यानाकर्षण पनि गराएका थिए ।

महामन्त्री विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको पक्षमा बहुमत प्रतिनिधि उभिएको पृष्ठभूमिमा सभापति देउवाले समयको स्वरलाई सम्बोधन गर्दै कार्यकारी भूमिका छाडेर बिदा भएको बताए । देउवाको बिदाइपछि नयाँ परिस्थितिमा संयम र एकतासाथ मध्यमार्गी सोच र परिपक्वताका साथ पार्टीलाई सुधार गरेर अघि बढ्ने दायित्व आफूहरूको काँधमा आएको शर्माले बताए ।

‘जेन-जी प्रदर्शनको जायज मागलाई सम्बोधन गरिनुपर्छ, आफैं भौतिक आक्रमणमा परेर पनि कुनै आवेगबेगर हार्दिक रूपमा सभापति शेरबहादुर देउवाले ‘व्यक्तिगत वा समूहगत मतभेदभन्दा माथि उठेर अबको बाटो पहिल्याउनुपर्छ’ भनेर भन्नुभयो । कार्यसमितिमा बहुमत थियो र छँदै छ । तर दिनुभयो कार्यवाहक र जानुभयो हामी सबैलाई आगामी यात्राको परीक्षा सुम्पेर,’ शर्माले भने, ‘समयको स्वरलाई सम्बोधनको यो कर्मप्रति हृदयदेखि सम्मान । यो कर्मको आत्मसात् गर्दै अब नयाँ ढंगले जुट्नुपर्छ । इतिहासमा आर्थिक विश्वसनीयता पुनर्पुष्टि गर्ने दायित्व अब संयम र एकतासाथ मध्यमार्गी सोचले सम्हाल्ने परिपक्वता हामीले राख्नुछ ।’

विशेष महाधिवेशन बोलाउन कांग्रेस विधानमा दुई वटा प्रक्रिया छन् । एउटा केन्द्रीय कार्यसमिति आफैंले आवश्यकता ठानेर विशेष महाधिवेशन बोलाउन सक्ने व्यवस्था छ । अर्को चालीस प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षरमार्फत प्रक्रिया अघि बढाउन सकिने व्यवस्था छ । चालीस प्रतिशत हस्ताक्षरसहित विशेष महाधिवेनको माग भएमा तीन महिनाभित्र बोलाउनुपर्ने बाध्यकारी व्यवस्था विधान छ ।

# बस्नेतले खोले गतिशील लोकतान्त्रिक पार्टी

झापा(प्रस) ।बुद्ध एयरका सञ्चालक वीरेन्द्रबहादुर बस्नेतसहितको समूहले नयाँ दल गठन गरेको छ । दिनेश प्रसाईं नेतृत्वमा रहने गरी ’गतिशील लोकतान्त्रिक पार्टी’ गठन भएको हो ।



उनीहरुले निर्वाचन आयोग पुगेर बिहीबार दल दर्ताका लागि निवेदन दिएका छन् । बस्नेतले ५-६ महिनादेखि नै पार्टी गठन गर्नेबारे छलफल गरिरहेका थिए । नयाँ परिस्थितिका बीचमा २१ फागुनलाई चुनाव घोषणा भएपछि बस्नेतको गृहकार्यले तीव्रता पाएको थियो ।

पार्टीमा एक जना अध्यक्ष र ५ जना महासचिव राख्ने तयारी छ । बाँकी सदस्य हुनेछन् । पदाधिकारीले चुनाव लड्न नपाउने गरी व्यवस्था गर्ने तयारी छ । त्यही कारण बस्नेत आफू नेतृत्वमा बसेका छैनन् ।

## अदालतमा...

रायमाझीलगायत अभियुक्त छन् । फाँट नं. १३ मा सहकारी ठगी र ललिता निवासको सरकारी जग्गा हिनामिनामा किर्ते र ठगीको मुद्दाको मिसिल थियो । सुन तस्करीसम्बन्धी मुद्दामा राजस्व अनुसन्धान विभागको सहयोगमा ३१ भदौ २०८० मा २९ जनाविरुद्ध अदालतमा अभियोगपत्र दर्ता गरिएको थियो । सुन तस्करी प्रकरणमा माओवादी नेता कृष्णबहादुर महरालगायत जोडिएका छन् ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले २४ को प्रदर्शनमा न्यायालयले भौतिक सम्पत्ति मात्र नभई इतिहास पनि गुमाएको बताए ।

‘२०१८ सालदेखिको न्यायको विरासत पनि आगोको लप्कामा डढेर खरानी भएको छ,’ उनले भने ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश,झापा जिल्ला,बिर्तामोड नगरपालिका वडा नं.-०९ मा बस्ने श्री नैना सिंह भण्डारीका नाति,श्री डम्वर बहादुर भण्डारीका छोरा श्री दिपबहादुर भण्डारीको मिति वि.सं.२०८२/०६/०७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय गरामनीमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती चन्द्रमाया भण्डारीले मिति वि.सं.२०८२/०६/२८मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.


# पाला बनाउन भ्याइनभ्याइ



झापा(प्रस) । तिहार नजिकिएसँगै प्रजापति समुदायलाई माटाका भाँडाकुँडा बनाउन चटारो छ । तिहारमा लक्ष्मी पुजाको साँझ घर-घरमा दीपावली गर्न आवश्यक माटाका पाला, कलश, धुपौरो, सुकुन्दा लगायतका सामग्री बनाउन प्रजापति समुदायलाई भ्याइनभ्याइ छ ।

भक्तपुरका रोशन प्रजापतिको दैनिकी पनि उही छ। ’अहिलेलाई हाम्रो आम्दानीको मुख्यश्रोत यही हो। तर कच्चा पदार्थको अभाव छ,’ उनले भने, ’हामीलाई माटोको अभावका कारण पाला बनाउन समस्या भइरहेको छ। यही अवस्थाको निरन्तरता हुने हो भने हामी कुनै दिन यो पेसा गर्न सक्ने अवस्थामा हुने छैनौं।’ उनले विगतमा सित्तैमा पाइने कालीमाटी यति बेला अन्य जिल्लाहरूबाट खरिद र ढुवानी गरेर ल्याउनुपर्ने अवस्था रहेको बताए।




कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचन निर्विकल्प

सुशीला कार्की सरकारले पाएको म्यान्डेट नै ६ महिनाको छ। किनकि निर्वाचनबाट आएको र पाँचवर्षे कार्यावधि भएको सरकार यो होइन। त्यसैले सरकारलाई यस अवधिको गुण र दोषका आधारमा मूल्यांकन गर्ने भन्ने अवस्था छैन।

कार्की सरकार गठनको महिना दिन बितिसकेको छ। यसबीचमा सरकारले गति समातेर अघि बढिसक्नुपर्ने भए पनि अल्मलिएको हो कि भैंm देखिन्छ। जेन–जी आन्दोलनको बलमा गठित सरकार नयाँ आशा हो। सबैका आँखा नयाँ सरकारका नयाँ कदममै छन्। त्यसैले यसले गन्तव्य पुग्ने यात्राका पाइला दह्रोसँग चाल्नै पर्छ। मूल रूपमा भ्रष्टाचार नियन्त्रणको माग थियो जेन–जी आन्दोलनको। यसकारण पनि कार्की सरकारले त्यसका लागि आवश्यक कदम चाल्नुपर्छ। कम्तीमा भ्रष्टाचारका ठूला माछाहरू समातिऊन्, मुद्दाहरू चलून् र भ्रष्टाचार हुन नसक्ने थिति यसले बसालोस् भन्ने जनचाहना थियो, छ।

फागुन २१ गतेका लागि निर्धारित आमनिर्वाचन त झन् यो सरकारको प्राथमिकता नै हो। प्राथमिकताका आधारमा प्रधानमन्त्री कार्की स्वयं चुनावका मूल सरोकारवाला दलहरूसँग संवादमा हुनुपर्छ। त्यसो त दलहरूका लागि पनि चुनावबारे आधिकारिक निर्णय गरेर अघि बढ्न पनि ढिला भइसकेको छ। कतिपय संसद् विघटनको पक्षमा देखिसकेका छन् भने कतिपय अलमलमै छन्। अल्मलिएका दललाई पनि चुनाव केन्द्रित गर्नु सरकारको दायित्व हो। दण्डहीनताको अन्त्य यो सरकारको अर्को अभिभारा हो। सरकारले सबैभन्दा पहिला जेन–जी आन्दोलनका नाममा राज्यको सम्पत्ति खरानी बनाउनेहरूलाई कारबाहीको दायरामा ल्याएर सुरुआत गर्नुपर्छ। हुनत प्रधानमन्त्री नियुक्त लगत्तै कार्कीले सिंहदरबार जलाउनेहरू नेपाली हुन सक्दैनन् भनेकी थिइन्। तर तिनहरूको खोजी र अनुसन्धानलाई पनि सरकारले बढाउन भने सकेको छैन। परिचालन गर्नुपर्ने प्रहरीको मनोबल उठाउने कदम पनि सरकारले चाल्न ढिलो भइसकेको छ।

सरकारले अबका दिनमा भ्रष्टाचार अन्त्य, सुशासन र दण्डहीनता अन्त्यका लागि पाइला चाल्नुपर्छ। सरकारले सबै पक्षलाई सन्तुलित बनाएर लैजान सक्नुपर्छ। सरकारका कदमहरूमा प्रतिशोधको गन्ध भने कहीँकतै झल्किनु हुँदैन। चुनावको वातावरण पनि नबिथोलिने गरी सरकारले दण्डहीनता विरोधी कदम चाल्नुपर्छ। फागुन २१ निर्वाचन आयोगले निर्वाचन गराउने कुरा प्राविधिक हो। मूल कुरा त यो सरकारकै जिम्मेवारी हो, वातावरण बनाउने, शान्ति सुरक्षा कायम गर्ने र निष्पक्षताको विश्वास दिलाउने। मुलुकको संक्रमणकालको अन्त्यका लागि निर्वाचन नै निर्विकल्प देखिन्छ। तर त्यसैको वातावरण बनाउनपट्टि सरकार लाग्नुको विकल्प पनि देखिँदैन।

किनकि निर्वाचन नगर्ने हो भने मुलुक फेरि अँध्यारो सुरुङमा प्रवेश गर्छ मुलुक। अराजकता र बेथिति मौलाउँछ। न्यायाधीशका रूपमा सुशीला कार्कीले आर्जन गरेको व्यक्तिगत स्वच्छ छविमात्रै होइन, मुलुकै अन्तर्राष्ट्रिय छवि धुमिलिन्छ। त्यसैले पनि सरकारले मुख्य कार्यभार निर्वाचन गराएर राष्ट्रिय छविलाई उज्यालो बनाउनुमै सबैको भलाइ छ।




# खर्च कटौती उत्तम उपाय



• कृष्णमणि पराजुली

अहिले देश आर्थिक सङ्कटमा नपरे पनि अर्थतन्त्रले गति लिन सकेको छैन । राजस्वले लक्ष्य प्राप्त गर्न सक्ने अवस्था छैन । अन्तर र्राष्ट्रिय परिवेश अनुसार पनि अनुदान उपलब्ध हुने परिस्थिति देखिँदैन । सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुने भनिएको छ । त्यसपछि नेपालको उत्पादनले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । अहिले नेपालले पाइआएको व्यापार सुविधा कटौती हुने छन् । सहुलियती दरमा उपलब्ध हुँदै आएको ऋणको ब्याजदरमा पनि वृद्धि हुने छ । नेपाल 'ग्रे लिस्ट' मा परेको हुनाले बाह्य लगानी आउने सम्भावना न्यून छ । अहिलेको आन्दोलनको असर पनि वैदेशिक लगानीमा केही न केही पर्ने नै हुन्छ । त्यस कारण अबको अर्थतन्त्र त्यति सहज देखिँदैन ।

प्रथम दृष्टिमा अर्थतन्त्रका सूचक राम्रा देखिन्छन् । विप्रेषणबाट विदेशी मुद्रा करिब १८ खर्ब भित्रिएको छ । आयात निर्यात बढेको छ । बैङ्क तथा वित्तीय संस्थामा १६ खर्बभन्दा बढी लगानीयोग्य रकम देखिन्छ । २० महिनाको आयात धान्न सकिने विदेशी मुद्रा सञ्चिति छ । यिनै सूचकहरूको आधारमा पूर्वसरकारले देशको अर्थतन्त्र सहज अवस्थामा छ र यसले अझ गति लिन्छ भन्ने भाष्य निर्माण गरेको थियो । यथार्थमा त्यस्तो सहज अवस्था होइन र अर्थतन्त्रमा धेरै सुधार गर्नुपर्ने अवस्था छ ।

पैसा हुँदैमा अर्थतन्त्र सुदृढ हुने होइन । मुख्य प्रश्न त्यसको प्रयोग उत्पादनशील क्षेत्रमा प्रवाह भएको छ छैन भन्ने हो । विप्रेषणबाट विदेशी मुद्रा भित्रिएको छ । हामीले त्यसलाई आय आर्जन गर्नेतर्फ लगानी गर्न सकेका छैनौँ भने अर्थतन्त्र उकासिने कुरा अर्थहीन हुन आउँछ । ६८ प्रतिशतभन्दा बढी त उपभोगमा नै खर्च भएको तथ्याङ्कले देखाएको छ । त्यसै गरी १६ खर्बभन्दा बढी तरलता बैङ्क तथा वित्तीय संस्थाहरूले लगानी गर्न नसकेर निष्क्रिय रूपमा रहेको छ । निक्षेपकर्तालाई ब्याज भुक्तानी गर्नुपर्ने भएकाले नेपाल राष्ट्र बैङ्कले पटक पटक तरलता प्रषोचन गर्नु परेको छ । त्यस कारण अर्थतन्त्र के आधारमा सकारात्मक छ भन्ने प्रश्न अनुत्तरित नै छ ।

सरकारी खर्च पनि एकदम निराशाजनक देखिन्छ । अहिलेसम्म पुँजीगत खर्च ४.१३ प्रतिशत मात्र छ भने चालु र वित्तीय व्यवस्थापनमा भने पूरै खर्च हुने देखिन्छ । पुँजीगत बजेट खर्च हुँदैन भने अर्थतन्त्रले गति लिन सक्दैन । चालुगत र वित्तीय व्यवस्थापन खर्चले त अर्थतन्त्र उकास्न त्यति योगदान गरेका हुँदैनन् । सरकारले प्राप्त गर्ने राजस्व पनि १३.६७ प्रतिशत मात्र असुली भएको छ । अर्कोतर्फ सरकारी खर्च वितरणमुखी छ । वितरणमुखी कार्यक्रमले त राजनीतिक मत मात्र उत्पादन गर्छ र आन्तरिक उत्पादनमा कुनै योगदान नै गर्दैन । यसले सरकारको ढुकुटीमा दबाब मात्र पारेको हुन्छ ।

देशमा बढ्दै गएको भ्रष्टाचार र कुशासनले देश बर्बादीमा पुग्यो । पारदर्शिता, जवाफदेहिता र इमानदारिता हराउन थाले । जनताको जीवनस्तर कष्टकर भयो । समाज हुने र नहुनेमा विभाजन भयो । गरिबी घट्न सकेन । शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी जस्ता आधारभूत सुविधाको अभाव हुन थाल्यो । यस्ता विकृति जेनजी पुस्ताले पचाउन सकेन । परिवर्तित विश्वले फड्को मारिसकेको अवस्थामा देश र जनताले पाइरहेको दुःखलाई उनीहरूले सहन सकेनन् । यस कारण जेनजी पुस्ताले देशमा बढ्दै गएका विकृतिलाई निर्मूल गर्न आन्दोलन गऱ्यो । देशमा सबैभन्दा बढी विकृति ल्याउने भनेका नै नेता र उनीहरूका कार्यकर्ता भएका हुनाले नेताहरूप्रति नै सर्वप्रथम जेनजीहरू जाइलागे । भ्रष्ट नेता तथा कार्यकर्ताको आचरण र जीवनशैली जेनजीले राम्रोसँग बुझेका थिए । त्यस कारण उनीहरूले आन्दोलनमार्फत अहिले झाडु लगाउने कार्य गरेका देखिन्छन् ।

सानो आर्थिक संरचना भएको देशमा ठुलो मानवीय, आर्थिक तथा भौतिक क्षति भयो । ७६ जनाको त मानवीय क्षति नै भयो । करिब दुई खर्ब आर्थिक क्षति भयो । क्षति भए पनि यो आन्दोलनले भविष्यको लागि राम्रो पाठ सिकाएको छ । नेपालमा भएको जेनजी आन्दोलनपछि विश्वका अन्य मुलुकमा समेत जेनजी आन्दोलन विस्तार हुँदै गएको छ । विश्व अर्थतन्त्र नै खस्कँदै गएको अवस्थामा भौतिक संरचना पुनर्निर्माणका लागि नेपाललाई अनुदान उपलब्ध हुने सम्भावना न्यून रहेको छ । ऋण सहायताको सम्भावना पनि त्यति देखिँदैन । यस अवस्थामा आफूसँग जेजति छ त्यसैबाट व्यवस्था गर्नुपर्ने हुन आउँछ । अर्थविद्का रूपमा परिचित अर्थमन्त्री रामेश्वर खनालले आर्थिक वर्ष २०८२/८३ को बजेटबाटै डेढ खर्ब झिकेर आन्दोलनबाट क्षति पुगेका संरचनाको पुनर्निर्माण गरिने कुरा स्पष्ट पार्नुभएको छ । यसका लागि उहाँले अनावश्यक बजेटलाई कटौती गर्नुभएको छ । यसबाट अर्थतन्त्रमा दुई प्रकारको सकारात्मक सन्देश प्रवाह भएको छ । एक त खर्च कटौतीले अब उप्रान्त मत र लोकरिज्याइँका कार्यक्रम सदाका लागि बन्द हुने छन् भने अर्कोतर्फ अनुत्पादक खर्चमा निश्चय नै कमी आउने छ ।

अहिले राज्य अप्ठेरोमा परेको छ । एकातिर पुनर्निर्माण गर्न जरुरी छ भने अर्कोतर्फ फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनका लागि पनि बजेटको व्यवस्था गर्नुपर्ने अवस्था छ । यसले गर्दा निर्ममतापूर्वक अनावश्यक खर्च कटौती गरिएको छ । अत्यावश्यकबाहेकका तालिम, गोष्ठी, सेमिनार सकभर सञ्चालन नै नगर्ने र गर्नै पर्ने भएमा सरकारी हलमा सञ्चालन गर्ने भनिएको छ । विगतमा यस्ता अनुत्पादक कार्यक्रममा सरकारको धेरै बजेट खर्च हुने गर्दथ्यो । अब यस्ता कार्यक्रम निरुत्साहित हुने भएकाले अर्थतन्त्रमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

जथाभाबी किसिमले सरकारी बजेट खर्च गरिएको हुनाले सार्वजनिक निर्माण एवं सेवा सुविधा महँगो हुँदै गएका छन् । त्यस कारण अनावश्यक खर्च कटौती गर्नुको विकल्प थिएन । सरकारका आर्थिक स्रोतहरू खुम्चिँदै गएका छन् । बाह्य ऋण तथा अनुदानको स्थिति कमजोर बन्दै गएको छ भने आन्तरिक स्रोतको अवस्था पनि घट्दो क्रममा देखिन्छ । अर्को कुरा हालै जेनजी आन्दोलन र त्यसले पुऱ्याएको क्षतिले अर्थतन्त्रमा धक्का पुऱ्याएकै छ । विगतमा भएका कोभिड, भूकम्प र नाकाबन्दी जस्ता घटनाबाट उठ्न नसकेको अवस्थामा जेनजी आन्दोलनले अर्थतन्त्रलाई झनै कमजोर बनाउने हुन्छ । यस्तो अवस्थामा खर्च कटौती गर्नुबाहेक सरकारसँग अरू कुनै विकल्प नै थिएन । जेनजी आन्दोलनमा कुल क्षति अनुमान पाँच खर्ब हुन सक्ने प्रारम्भिक अनुमान रहेको छ । यति ठुलो क्षति 'रिकभरी' गर्ने काम सजिलो छैन । त्यसैले अर्थमन्त्रीले दरबन्दी तथा कर्मचारीको कटौती, राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका सवारीसाधन र भौतिक सुविधा उपलब्ध नहुने भनिएको छ । राजदूतलाई तह तोकी दिइँदै आएको थप सुविधा खारेज गरिएको छ । संस्थानहरूमा रिक्त कार्यकारी प्रमुखमा तत्काल नियुक्ति नगरी सरकारी कर्मचारीलाई काजमा खटाइने भनिएको छ ।

मितव्ययिता अपनाउने सम्बन्धमा सरकारले महँगा र विलासी सामग्री खरिद नगर्ने निर्णय गरेको छ । अहिले हुँदै आएका साइकल, साडी, विद्युत् महसुल, बिमा शुल्क जस्ता वितरणमुखी कार्यक्रम सञ्चालनमा रोक लगाइएको छ । परामर्श सेवा लिने सम्बन्धमा पनि विद्यमान जनशक्तिबाटै काम लिनुपर्ने व्यवस्था गरिएको छ । घर भाडामा लिँदा पनि महँगो क्षेत्रमा नलिने र आन्दोलनको क्रममा क्षति भएका सामग्री जुटाउने सम्बन्धमा पनि सम्भव भएसम्म नजिकको कार्यालयबाट हस्तान्तरण गरेर प्रयोगमा ल्याउने निर्णय भएको छ । त्यस्तै गरी सङ्घ, प्रदेश र स्थानीय तहका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति नगर्ने र अस्थायी तथा करारमा कर्मचारी भर्ना गर्न नपाइने निर्णय भएको छ । नियमित कामको लागि बैठक भत्ता लिन नपाइने भएको छ । निजी आवास भएकाहरूले आवास सुविधा पनि लिन नपाउने सरकारले निर्णय गरेको छ । पूर्वतयारी नभएका र दोहोरो प्रविष्ट भएका साना आयोजना पनि सञ्चालनमा ल्याइने छैनन् । यसरी नै १० लाखभन्दा ठुला आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउनसमेत नपाइने सरकारले निर्णय गरेको छ ।

अर्थ र जलस्रोत मन्त्रीद्वारा घोषित केही महत्वपूर्ण निर्णय सकारात्मक छ । कुनै पनि तलब, भत्ता र सरकारी सुविधा नलिने प्रतिबद्धता पनि छ । यसले जनतामा राम्रो सन्देश प्रवाह भएको छ । अर्थमन्त्रीले निर्ममतापूर्वक सरकारी फजुल खर्च कटौती र टुक्रे आयोजना कार्यान्वयन नगर्ने र त्यसबाट बचत हुने एक खर्बभन्दा बढी बजेट भौतिक संरचना तथा पुनर्निर्माणमा खर्च गर्ने भन्नुभएको छ । अर्थमन्त्री खनालले केही महिनाअघि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको संयोजकको हैसियतले पेस गर्नुभएको प्रतिवेदन कार्यान्वयन गर्ने अठोट गर्नुभएकाले पनि छोटो समयमा नै अर्थतन्त्रमा सुधारको आशा गर्न सकिन्छ । यसै गरी ऊर्जामन्त्रीले डेडिकेटेड ट्रङ्क लाइनको बक्यौता असुल गर्ने निर्देशन नेपाल विद्युत् प्राधिकरणलाई दिनुभएको छ । निश्चय नै यस्ता निर्देशन तथा कार्यले अर्थतन्त्रलाई सहयोग पुऱ्याउने नै हुन्छन् ।

चुनावी सरकार भए पनि यो सरकारले जथाभाबी भइरहेको खर्चलाई नियन्त्रण गरेको छ र कसरी सरकारी खर्चमा मितव्ययिता गर्ने भन्ने सम्बन्धमा धेरै महत्वपूर्ण निर्णय गरेको छ । भूमि समस्या समाधान आयोग खारेज र प्रतिफल दिन नसक्ने सार्वजनिक संस्थाहरूमा सरकारले थप लगानी नगर्ने भनेको छ । राजनीतिक र प्रशासनिक पदाधिकारीले एकभन्दा बढी सवारीसाधनको सुविधा लिन नपाइने भनेको छ । साथै सवारीसाधनको बिमा गर्नुपर्ने निर्णयसमेत सरकारले गरेको छ ।

जेनजी आन्दोलनले भौतिक संरचनामा पुऱ्याएको क्षति पूर्ति गर्ने सम्बन्धमा खर्च कटौतीबाट मात्र सम्भव नदेखिएकाले सरकारले आवश्यक स्रोत जुटाउनका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोष स्थापना गरेको छ । कोषमा सहयोग गर्न सबैलाई आग्रह गर्नुका साथै मित्र राष्ट्र तथा विकास साझेदारलाई समेत अनुरोध गरेको छ । अर्थ सचिवको हैसियतले लामो समय काम गर्नुभएका अर्थमन्त्री खनालको अनुभवलाई कम आकलन गर्न सकिँदैन । अर्थतन्त्र सुधार्ने उहाँका लागि अवसर र चुनौती दुवै छन् । निश्चय नै अबको अर्थतन्त्रले सही बाटो लिने छ ।

# इमानदार नेतृत्वको खाँचो



• डा.शान्ति लामा

धेरैले सोचेका थिए, जेनजी पुस्ताका युवा समाजबाट अलग्गिएर स्मार्ट फोनमा आफ्नै दुनियाँमा रमाइरहेका छन् । उनीहरूमा राजनीतिक सोच त्यति धेरै छैनन् । उनीहरूको विरोधले मात्रै मुलुकको राजनीतिक कोर्स नै परिवर्तन हुने अवस्था आउँदैन । अझ केही अध्ययन अनुसन्धानले त जेनजी पुस्ता असन्तुष्ट भए पनि कम विद्रोही प्रकृतिको हुन्छ भन्ने निष्कर्षसमेत निकालेका थिए तर भदौ २३ र २४ गते देशभरका सहरमा भएका प्रदर्शन र त्यसपछिका घटनाक्रमले त्यो बुझाइ र अनुसन्धानको निष्कर्षलाई असत्य साबित गरिदियो । दर्ता हुन नआएका फेसबुकसहित २६ वटा सामाजिक सञ्जाललाई सरकारले निष्क्रिय गरेको थियो । जसको कारण नागरिकको सूचना पाउने अधिकार मात्र खोसिएको होइन, जेनजी पुस्ताको जीवन पद्धति नै अवरोध हुन पुगेको थियो । जेनजी पुस्ताले सामाजिक सञ्जाल सञ्चालनको मागसँगै देशमा व्याप्त भ्रष्टाचार, बेथिति, नेताको छोराछोरी र अन्य सर्वसाधारणको छोराछोरी बिचको असमान जीवनशैली र सरकारको अकर्मण्यताका विरुद्ध आवाज उठाउन शान्तिपूर्ण प्रदर्शन गरेका थिए ।

नयाँ बानेश्वरमा कलिला प्रदर्शनकारीमाथि गैरजिम्मेवार ढङ्गले बर्साइएको तातो गोलीले दर्जनौँ होनाहार युवालाई मात्रै ढालेन संविधान संशोधन, स्थायित्व र समृद्धिको नारा बोकेर करिब डेढ वर्षअघि बनेको कांग्रेस-एमालेको सत्तासमेत ढल्यो । पुराना नेताहरूलाई शासकीय नेतृत्वमा निषेधको सन्देश दिएर मुलुक नयाँ राजनीतिक सङ्क्रमणमा प्रवेश गऱ्यो । नयाँ राजनीतिक कोर्स कसरी अगाडि बढ्ने भन्ने ठुलो अन्योलता छाएको थियो । भदौ २३ को साँझदेखि २५ को साँझसम्मको परिस्थिति अनुमानभन्दा बाहिर रह्यो । देशभरि लागेको आगोले भौतिक संरचना मात्रै होइन जनताको प्रतिनिधिले बनाएको नेपालको पहिलो संविधान पनि जलायो कि ? सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई दुर्घटनामा पारेर कतै अर्कै व्यवस्था फर्काउने पो हो कि ? सैनिक शासन वा वैदेशिक हस्तक्षेप पो हुने हो कि ? भन्ने आशङ्का र संशय व्याप्त थियो ।

राष्ट्रपति र नेपाली सेनाले नयाँ राजनीतिक कोर्स निर्माणको कार्यभार समाल्नुभयो । जेनजी युवाको सिफारिसमा पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भयो । देशको राजनीति केही हदसम्म संविधानको लिकमा आउन थाल्यो । राष्ट्रपति रामचन्द्र पौडेलको संविधानप्रतिको अदम्य प्रतिबद्धता र सुझबुझपूर्ण निर्णयले संविधानलाई घाइते भए पनि जीवित राख्न सफलता प्राप्त भयो । आन्दोलनले जुन परिस्थितिको सिर्जना गरेको थियो, त्यतिखेर संविधानको पाना पल्टाएर र दफा समातेर समस्याको हल हुने अवस्था थिएन र संविधानको न्यूनतम क्षतिभित्र निस्कने निकास नै यही थियो । संविधानको न्यूनतम क्षति तोकिएको छ महिनाभित्र हुने चुनावले पूर्ति गर्ने ढोका खोलेको छ भने जनमतको आधारमा राजनीतिलाई अग्रगति दिने बाटोसमेत खुला गरेको छ । यस घटनाले नेपाल र नेपालीलाई गम्भीर र नबिर्सने चोट दिएको छ । भौतिक मात्र होइन, मानसिक, सांस्कृतिक र राजनीतिक आघात पुऱ्याएको छ । राष्ट्र अझै जिउँदो छ किनभने नागरिकको आस्था संविधान र सरकारमाथि विश्वास बाँकी नै छ ।

पूर्वप्रधान न्यायाधीश कार्की नेतृत्वको अन्तरिम सरकारको कार्यादेश भनेको छ महिनाभित्र निर्वाचन सम्पन्न गर्ने, आन्दोलनको क्रममा भएको मानवीय र भौतीक क्षतिको निष्पक्ष छानबिन गर्ने र मृतक परिवारलाई न्याय दिनु हो । यससँगै राजनीतिमा व्याप्त भ्रष्टाचार र बेथितिका अन्त्यका लागि जेनजीले सडकमा मुखरित गरे अनुसारको सुशासन कायम गर्नु नै रहेको छ । हामी यतिखेर आमनेपाली जनताको चाहाना अनुसार आफ्नो प्रतिनिधिद्वारा लेखिएको संविधानबाट देश सञ्चालन गर्ने व्यवस्थामा छौँ । जुन व्यवस्था नै उत्तम लोकतान्त्रिक व्यवस्था हो । चुनाव त प्रतिनिधि सभा सदस्यको हुने हो । त्यसमा बहुमत प्राप्त गर्ने दलको नेता प्रधानमन्त्री हुने हो । सङ्घीय संसद्को दुई तिहाइ बहुमतले मात्रै संविधान संशोधनको कानुनी र राजनीतिक हैसियत राख्छ । आगामी निर्वाचनबाट बन्ने प्रतिनिधि सभाले मात्रै संविधान संशोधन गरेर चाहे अनुसारको व्यवस्था बदल्न सक्छ ।

यतिखेर प्रतिक्रान्ति र प्रतिगामी तत्वहरू मौकाको फाइदा लिने अवसरको खोजीमा छन् । भदौ २४ गतेको आन्दोलनमा सरकारी र निजी क्षेत्रको संहारबाट मुलुक पूरै कब्जा गर्ने उनीहरूको स्वार्थ थियो भन्ने धेरै आधार छन् । अहिले उनीहरू आहत भएका छन् । यतिखेर प्रतिनिधि सभा विघटनको अवस्था छ । यदि निर्धारित मितिमा चुनाव भएन भने संवैधानिक रिक्तता हुने छ । त्यसैले यो परिस्थितिलाई सबैले जिम्मेवारीपूर्वक ग्रहण गर्ने र सरकारको निश्चित कार्यादेश पूरा गर्नमा सहयोग गर्ने जरुरी छ । आन्दोलनका नाममा सरकारी र निजी सम्पत्ति लुटपाट गर्ने, तोडफोड गर्ने, चोरी गर्ने, प्रहरीको हतियार खोस्ने, सिंहदरबार, संसद् भवनलगायत सरकारी कार्यालयहरू, निजी निवास आगजनी गर्ने, कैदीबन्दीलाई जेल तोडेर निकाल्ने, प्रहरीलाई लखेटेर हत्या गर्ने जस्ता काममा संलग्न व्यक्तिलाई कारबाही गरिनु पर्छ । आपराधिक गतिविधिमा संलग्न भएकाहरूलाई उन्मुक्ति दिनु उचित हुँदैन । जेनजी आन्दोलनको घटनाबारे छानबिन गर्न सरकारले न्यायिक छानबिन आयोग पनि गठन गरेको छ । स्वतन्त्रता र निष्पक्षता नै न्यायको पहिलो सर्त हो । आयोगको पदाधिकारीको निष्पक्षताले न्यायिक छानबिनको विश्वसनीयतालाई निर्धारण गर्छ । आन्दोलनको क्रममा राज्यपक्षबाट भएको दमन तथा आन्दोलनको क्रममा भएको आगजनी, प्रहरीका हतियार लुटपाट, हत्यालगायतका सबैखाले घटनाको छानबिनको जिम्मा आयोगले पाएको छ । आयोगले निष्पक्ष रूपमा यो जिम्मेवारी वहन गर्ने जनविश्वास छ ।

जेनजी आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले जेनजीको माग र भावनालाई संवैधानिक बाटोबाट सम्बोधन गर्नु र आमनेपालीको विश्वास जित्नु नै पहिलो कर्तव्य हुने छ । यो सरकारले कानुनसम्मत गतिविधिलाई सम्मान र प्रोत्साहन गर्दै कानुन र नियमलाई चुनौती दिनेलाई दुरुत्साहित एवं दण्डित गर्नु पर्छ । सरकार र सुरक्षा संयन्त्रले आमनागरिकलाई सतर्क र सुदृढ रहन आह्वान गर्दै सुरक्षा चुनौती सामना गर्न सम्पूर्ण शक्ति लगाउनु पर्छ । सुशासनको सन्दर्भमा सरकारका मन्त्रीहरूले प्रारम्भिक रूपमा प्रदर्शन गरेका व्यवहार आशा लाग्दा र अनुकरणीय छ । यसबाट यो सरकारको कार्यकालमा राजनीतिक तहमा हुने भ्रष्टाचारबाट मुक्त भइन्छ भनेर आश्वस्त हुन सकिन्छ । राजनीतिक पूर्वाग्रह र बदलाको भावनाबाट मुक्त भएर भ्रष्टाचारको छानबिन तथा सुशासनको प्रणाली स्थापना गर्न सक्नु पर्छ । आगामी नेतृत्व लोभी, स्वार्थी र भ्रष्ट हुनबाट प्रणालीले नै जोगाउनु पर्छ ।

लोकतन्त्रको आधारभूत स्तम्भ बहुलवाद हो । बहुल विचार बोकेको पार्टीबिच प्रतिस्पर्धा चाहिन्छ । लोकतन्त्रमा प्रतिस्पर्धी राजनीति गर्न दलको विकल्प छैन । दलले नै मतदाता र जनतालाई राज्य प्रणालीसित जोड्छन् । यतिखेर नयाँ पुस्तामा पार्टीप्रति नकारात्मक धारणा छाएको छ । दोष पार्टीको होइन, नेतृत्वमा बस्नेको हो । त्यहाँ व्याप्त अवसरवादी र दासत्व मनोवृत्तिको हो । यतिखेर पहिलेदेखि क्रियाशील दलहरू खास गरी नेपाली कांग्रेस, नेकपा (एमाले), माओवादी केन्द्रलगायतले नयाँ असल र इमानदार नेतृत्वसहितको राजनीतिक दल निर्माण गर्नु पर्छ । राजनीतिक दललाई शुद्धीकरण गर्ने यो अवसर पनि हो । सात दशकभन्दा लामो इतिहास बोकेका र मुलुकमा ऐतिहासिक राजनीतिक परिवर्तनको नेतृत्व गरेका यी दलहरू बिलाउँदैनन्, रहन्छन् नै । केही नेताका कारण पुराना राजनीतिक दल जनमानसमा अप्रिय बन्दै गएका छन् । ती दललाई बचाउन त्यहाँ पनि नयाँ पुस्ताका कर्मठहरूले नेतृत्व समाल्न हस्तक्षेप बढाउनु पर्छ ।

# बजारमा छ्यापछ्याप्ती प्रतिबन्धित छोकडा

झापा(प्रस) । चार वर्षदेखि नेपालमा छोकडा आयात प्रतिबन्ध छ, तर बजारमा छ्यापछ्याप्ती भेटिन्छ ।

अहिले बजारमा यसको मूल्य प्रतिकिलो ४५० रुपैयाँदेखि ८०० रुपैयाँसम्ममा सुकेको छोकडा पाइन्छ । फ्रेस छोकडा प्रतिकिलो १९०० रुपैयाँसम्म पर्ने गरेको छ । आयात प्रतिबन्धित वस्तु यसरी बजारमा खुलेआम रूपमा बजारमा बिक्री भइरहँदा नियमनकारी निकाय मौन रहेको छ । जबकि छोकडा नेपालमा उत्पादन छैन ।

आयात प्रतिबन्ध गरिएको छोकडा भन्सार विन्दुबाट आयात भइरहेको भन्सार विभागको तथ्याङ्कले देखाउँछ । चालु आर्थिक वर्ष २०८२/८३ को भदौ मसान्तसम्म ६१ लाख ७४ हजार रुपैयाँको १२ हजार ३९० किलो छोकडा आयात भएको विभागले जनाएको छ । उक्त परिमाणमा छोकडा आयात हुँदा १७ लाख १४ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

विभागका सूचना अधिकारी किशोर बर्तौला उक्त छोकडा व्यक्तिगत प्रयोजनका लागि मात्र आयात भएको बताउँछन् ।

'व्यापारिक प्रयोजनका लागि आएको छैन । व्यक्तिले ल्याएको छ । इन्डियाबाट पनि आएको छ । व्यापारी प्रयोजनबाट त रोकावटै छ । त्यो व्यक्तिको नै भए पनि प्रज्ञापनपत्र काट्नु त पऱ्यो त्यही भएर त्यही डाटा आएको हो । घरेलु प्रयोजनका लागि त ल्याउन पाइयो नि ।'

व्यक्तिगत प्रयोजनका लागि ल्याइएको भए बजारमा कसरी छ्यापछ्याप्ती पाइन्छ पाइयो भन्ने प्रश्नको जवाफमा बर्तौलाले नेपालको खुला सिमाना भएकाले चोरी पैठारीमार्फत ल्याएर बिक्री वितरण भइरहेको बताए ।

भने, 'नेपालमा उत्पादन हुँदैन । बजारभरि पनि टन्नै छ, कसरी आयो त ? कसरी भन्दा ओपन बोर्डर हाम्रा धेरै ठाउँ छ । इन्डियाको तीन तिरबाट ओपन छ । अब कसरी आयो भन्नु ? चोरी निकासीबाट आयो होला नि त । जति नियन्त्रण गर्छु भने पनि गर्न सकिदैन ।'

इरानबाट २६ लाख १८ हजार रुपैयाँको २८७५ किलो आयात भएको छभने युएईबाट २३ लाख ८७ हजार रुपैयाँको ५५६५ किलो आयात भएको छ । यस्तै भारतबाट ५ लाख ३६ हजार रुपैयाँको २ हजार २२८ किलो, कतारबाट २ लाख ९७ हजार रुपैयाँको ७५४ किलो आयात भएको उल्लेख छ ।

भन्सारको तथ्यांकमा देखिएको व्यापारिक नभएर व्यक्तिगत प्रयोजनका लागि भएको दाबी गरे । साथै चोरी बाटोबाट छोकडा आयात गरेर बिक्री भइरहेको स्वीकारे ।

'धेरै ठुलो क्वान्टिटी छैन । यदि व्यापारीले ल्याएको हो भने त्यहाँ इम्पोर्टरको नामसहित आइहाल्थ्यो । यो व्यक्तिगतमा आएको हो । तर बजारमा पाइन्छ म स्वीकार्छु ।'

तिहारमा भाइमसलाको रूपमा प्रयोग हुने भएकाले यो सिजनमा बजारमा छोकडा झनै छ्यापछ्याप्ती पाइने उनको भनाइ छ । छोकडा चोरी पैठारी हुँदा ठुलो परिमाणमा राजस्व गुमेको हुनसक्ने र चोरी पैठारी रोक्न छलफल गरेर अघि बढ्ने उनको भनाइ थियो ।

२०८२ भदौ मसान्तसम्ममा कुल आयात भएको कुल छोकडामध्ये सबैभन्दा ठुलो परिमाणमा इरान र युएईबाट आयात भएको छ ।

इरानबाट २६ लाख १८ हजार रुपैयाँको २८७५ किलो आयात भएको छभने युएईबाट २३ लाख ८७ हजार रुपैयाँको ५५६५ किलो आयात भएको छ । यस्तै भारतबाट ५ लाख ३६ हजार रुपैयाँको २ हजार २२८ किलो, कतारबाट २ लाख ९७ हजार रुपैयाँको ७५४ किलो आयात भएको उल्लेख छ ।

यस्तै साउदी अरेबियाबाट १ लाख ६८ हजार रुपैयाँको ४७८ किलो, कुवेतबाट ९९ लाख रुरपैयाँको २९० किलो, ओमानबाट १६ हजार रुपैयाँको ४५ किलो, मलेसियाबाट १ हजार रुपैयाँको २ किलो आयात भएको छ ।

यसैगरी चीनबाट ३३ हजार रुपैयाँको १२ किलो, एन्डोराबाट २ हजार रुपैयाँको ५ किलो, बहराइनबाट १४ हजार रुपैयाँको ४६ किलो, अमेरिकाबाट १ हजार रुपैयाँको १ किलो र क्यानडाबाट १ हजार रुपैयाँको १ किलो आयात भएको विभागको तथ्यांकमा उल्लेख छ ।

# अदालतमा ९ लाख ३३ हजार मुद्दाका मिसिल जले

झापा(प्रस) । प्रदर्शनकारीले २४ भदौमा विभिन्न अदालतमा आगजनी र तोडफोड गर्दा करिब ९ लाख ३३ हजार मुद्दाका मिसिलसमेत नष्ट भएका छन् । आगजनी र तोडफोड गरिएका सबै अदालतमा गरी चालुतर्फ ३० हजार ७ सय ५२ र अभिलेखतर्फ ९ लाख ३ हजार ७१ मिसिल गुमेको सर्वोच्च अदालतको प्रारम्भिक विवरण छ ।

काठमाडौं जिल्ला अदालतमा रहेका नक्कली भुटानी शरणार्थी, सिभिल सहकारी, ललिता निवासमा लिखत किर्ते, बाल मन्दिर जग्गा प्रकरण, ६१ किलो सुन तस्करीजस्ता चर्चित मुद्दाका मिसिल नष्ट भएका छन् ।

सर्वोच्च अदालतमा रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहालविरुद्ध सशस्त्र द्वन्द्वको हत्यासम्बन्धी, ५२ संवैधानिक पदाधिकारीको फैसलाको पूर्णपाठ, छायादेवी कम्प्लेक्स, सुडान काण्ड, वाइडबडी विमान खरिद, मैना सुनुवारको हत्या, अन्तःशुल्क, एनसेलको करजस्ता चर्चित मुद्दाका फाइल पनि नष्ट भएका छन् । सर्वोच्चको संवैधानिक इजलासका फाइल, अभियान फाँटका मुद्दा पनि जलेका छन् ।

सर्वोच्चका प्रवक्ता अर्जुन कोइरालाले फैसला भइसकेका र कानुन पत्रिकामा प्रकाशन गर्ने तयारीमा रहेका मुद्दाका मिसिलहरूसमेत जलेको जानकारी दिए । २२ भदौका तथ्यांकअनुसार देशभरका अदालतमा करिब २ लाख मुद्दा चालु अवस्थामा थिए । सर्वोच्चमा चालु अवस्थामा रहेका २४ हजार २ सय ३४ थानमध्ये २० हजार ३४ मुद्दाको मिसिल जलेका छन् ।

सर्वोच्चले रिटतर्फ २५ सय ९ र मुद्दामा १६ सय ९१ वटाको मिसिल मात्र फेला पारेको हो । अभिलेखतर्फ १ लाख ९७ हजार मुद्दाको फाइल नष्ट भएका छन् । प्रवक्ता कोइरालाका अनुसार चालु मुद्दा अन्यत्र पनि हुने भएकाले फर्काउन सकिन्छ । 'तर अभिलेखमा रहेका मुद्दा अदालतमा मात्र हुने भएकाले पुनः मिसिल खडा गर्न असम्भव नै हुन्छ,' उनले भने । चालु मुद्दाको फाइल खडा गर्ने प्रक्रिया सर्वोच्चले सुरु गरिसकेको छ ।

उच्च र जिल्ला तहमा चालु मिसिल ६ हजार ५ सय ३३ र तहसिलतर्फका ४ हजार १ सय ८५ थान मिसिल गुमेका छन् । अभिलेखतर्फ ७ लाख ६ हजार ७१ थान मिसिल नष्ट भएका छन् । सबैभन्दा धेरै क्षति काठमाडौं जिल्ला अदालतमा भएको छ । काठमाडौं जिल्ला अदालतमा अभिलेखका ४ लाख मिसिल र चालुका ४ हजार मुद्दाका फाइल जलेको स्रेस्तेदार तीर्थराज भट्टराईले जानकारी दिए ।

'२०५३ यताका सबै मिसिल जलेका छन्,' उनले भने, 'त्यसअघिका केही मिसिल भने जोगिएका छन् ।' उनका अनुसार मुख्य भवनमा भएको आगजनीका कारण लगभग सबै फाइल खरानी भए पनि जोगिएका मिसिल रुजु गराउने कार्य भइरहेको छ ।

काठमाडौं जिल्ला अदालतबाट फैसला भइसकेका ४ लाखभन्दा बढी मिसिल जलेर नष्ट भएकाले फैसला कार्यान्वयन जटिल बन्ने देखिएको छ । 'सक्कल फाइल नै नभएको, मिसिल नै नभएकाको हकमा फैसला कार्यान्वयन गर्न समस्या हुन्छ,' जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारी धनबहादुर कार्कीले भने, 'तत्काल ३ हजार जति फैसलाका हकमा त्यस्तो समस्या आउने देखिन्छ ।' उनका अनुसार हालै भएका फैसला राय किताबमा मात्र लेखिएको हुन्छ, राय किताब जलेकाले के फैसला भएको थियो भन्ने बुझ्न पनि कठिन हुने भएको छ ।

आगलागीबाट काठमाडौं जिल्ला अदालतका ९, १३ र २१ नम्बर फाँट पूर्ण रूपमा जलेका थिए । ती फाँटमा नक्कली भुटानी शरणार्थी प्रकरण, ६१ किलो सुन तस्करीलगायत मुद्दाका मिसिल थिए । नक्कली भुटानी शरणार्थी प्रकरणमा कांग्रेस नेता बालकृष्ण खाण, एमाले नेता टोपबहादुर

❖ बाँकी अन्तिम पृष्ठमा

## चारआली खानेपानीको परिषद् सभा

# कर्मचारी सम्मानदेखि सामाजिक उत्तरदायित्व बहनसम्म

मेचीनगर(प्रस) ।झापाको मेचीनगरमा रहेको चारआली साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको १७ औं परिषद् सभा बिहीबार सम्पन्न भएको छ । परिषद् मा विभिन्न रचनात्मक र सामाजप्रति जिम्मेवार बन्ने गरेको प्रस्तावहरुलाई छलफलका लागि अघि सारिएको थियो ।

मेचीनगर-१२ स्थित संस्थाको सभाहलमा भएको कार्यक्रममा अध्यक्ष राजन चिमरियाले प्रस्तुत गरेको आगामी कार्यक्रमको प्रतिवेदनमा समाज र उपभोक्ताहरुलाई प्रत्यक्ष लाभ पुग्ने प्रस्तावहरु छलफलको विषयवस्तुका रुपमा अघि सारिएको हो । नगरको वडा नम्बर ११, १२, १३ र १४ का तीन हजार सात सय १० उपभोक्ता रहेका छन् । संस्थाको क्षमता तीन हजार पाँच हजार ६८ मात्र हो । सरसफाइ तथा स्वास्थ्य क्षेत्रलाई निक्कै प्राथमिकता राखेर काम गर्दै आएको यो संस्थाले अब उप्रान्त उपभोक्ता स्वयम्को निधन भए निधन भएको महिनाको रकम मिनाह गर्ने मात्र होइन, धारा नामसारी गर्दा लाग्ने सवै शुल्क पनि मिनाह गर्ने प्रस्ताव परिषद्मा प्रस्तुत गरिएको छ ।

संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगरका प्रमुख सुरतलाल चौधरीले रिमोर्टको



स्वीच थिचेर डिजिटल बोर्डबाट विधिवत रुपमा उद्घाटन गरेको परिषद्कै अवसरमा संस्थाका उत्कृष्ट दुई जना कर्मचारी (प्लम्बर) रोशन रिजाल र विनोद घिमिरेलाई जनही १५ हजार पाँच सय ५५ रुपैयाँसहित प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो । त्यस्तै संस्थाका कर्मचारी डम्वर ओझालाई दीर्घसेवा सम्मानबाट पुरस्कृत गरिएको संस्थाका अध्यक्ष चिमरियाले बताए । शुरुदेखि नै सामाजिक उत्तरदायित्वप्रति गम्भीर र जिम्मेवारीपूर्वक अघि बढेको यो संस्थाले यो पुण्य कामलाई निरन्तरता दिनका लागि आगामी वर्ष असक्त भई वेडमा बस्न बाध्य संस्थाका सदस्यको प्रयोगका लागि हस्पिटल बेड र ह्विलचियरको व्यवस्था गरिने प्रतिवेदनमा उल्लेख छ ।

प्लाष्टिकजन्य वस्तुको न्यूनिकरणका लागि प्रत्येक उपभोक्ताको घरमा संस्थाको स्टिकरसहितको पाँच केजीको कपडाको झोला वितरण गरिने, प्राङ्गारिक मल बनाउन कुहिने प्रकृतिको फोहोरलाई संकलन गरेर मल उत्पादन गर्न स्थानीय सरकार, उपभोक्ता र संस्थाको थ्रीपी मोडलमा व्यवस्थापन गरेर फोहोरलाई मोहोरमा रुपान्तरण गरिने, स्वास्थ्य सम्बन्धी विज्ञबाट गोष्ठी तथा अन्तरक्रिया गरिने, 'हामीले नगरे कसले गर्ने, किन नगर्ने' भन्ने नार ासहित स्वच्छ वातावरण बनाउन निम, सिरिस, स्वामी, धुपीलगायतका वृक्षारोपण लगायतका कार्यक्रम प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले अघिल्लो वर्षहरुमा क्यालेण्डर प्रकाशन गर्दै आए पनि यसवर्ष त्यसलाई रोकेर त्यस वापतको एकलाख २० हजार रुपैयाँबाट चार वटा वडाका सामुदायिक विद्यालयका प्रत्येक कोठामा पानीको जार, बाटा र बोतल वितरण गरिएको अध्यक्ष चिमरियाले बताए । संघीय सरकारबाट विनियोजित एक करोड ६० लाख र स्रोत सुनिश्चितता गरी लगभग १५ करोडको क्रमागत बजेटमार्फत थप चार लाख ५० हजार रुपैयाँको लागतमा नयाँ ओभरहेड ट्याङ्कीसहित ६५ किलोमिटर पाइपलाइन विस्तार गर्ने कामलाई प्राथमिकता दिएको, पाइपलाइनलाई व्यवस्थित र प्रविधिमैत्री बनाउन भौगोलिक सूचना प्रणाली (जीआइएस) सञ्चालनको प्रयास गरिने पनि उनले जानकारी दिए ।

# दमकमा दुईजनाको मृत्यु

झापा(प्रस) ।झापाको दमकमा दुईजनाको मृत्यु भएको छ । एकजना बेवारिसे व्यक्तिको मृत्यु भएको हो भने अर्का एकजना आश्रितको मानव उद्धार सेवा आश्रममा मृत्यु भएको छ । बुधवार दिउँसो ४.४५ बजे दमक ६ पूर्व बसपार्कस्थित स्वामीको रुखमुनि रहेको सिमेन्टको



चौतारामा तत्काल नाम, थर, वतन नखुलेको तराई मुलको जस्तो देखिने मागी खाइहिड्ने बर्ष ६५ का पुरुष मानिस उतानो परी मृत अवस्थामा फेला परेका हुन् । उनको शव पोष्टमार्टमको लागि दमक अस्पताल दमक पठाइएको छ ।

त्यस्तै दमक -२ स्थित मानव उद्धार सेवा आश्रममा एकजना आश्रितको मृत्यु भएको छ । असोज ७ गते कमल -६ काटाचोकबाट तत्काल वतन नखुलेको बर्ष ८९ का डम्बरबहादुर दमाई नाम बताउने वृद्धलाई उद्धार गरी उक्त आश्रममा लगी राखिएको थियो । बुधवार विहान ९ बजे ओछ्यानमा सुतेको अवस्थामा उनी मृत फेला परेका थिए । प्रहरीले कानुनी प्रक्रिया पुरा गरि शव पोष्टमार्टमको लागि दमक अस्पताल दमक पठाएको छ ।

**नयाँ...**

९० प्रतिशत युवा पुस्ता रहेको कार्यालय प्रमुख नेपालले जानकारी दिए । सरकारी विदा बाहेक विहान आठदेखि बेलुका छ बजेसम्म कार्यालयमा नाम दर्ता गर्नेको निक्कै ठूलो भीड लाग्ने कार्यालयका सूचना अधिकारी प्रेमप्रसाद न्यौपानेले बताए ।

निर्वाचन आयोगले २०८२ साल कात्तिक मसान्तसम्म मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनका लागि अनलाईनबाट फारम भरेर जुनसुकै निर्वाचन कार्यालय गएर फोटो खिचाउन र बायोमेट्रिक दिन सकिने जनाएको छ । 'निर्वाचन आयोगले प्रविधिको प्रयोग गरेर नै नयाँ मतदाता नामावली दर्ता गर्ने, एक ठाउँबाट अर्को ठाउँ बसाइँ सरेर लैजाने र त्रुटि सच्याउने कामहरु अनलाईनमार्फत काम गरिरहेका छौ 'कार्यालय प्रमुख नेपालले भने, ' जसका लागि नयाँ मतदातालाई पनि निर्वाचन आयोगको वेवसाइटमा गएर अनलाईन मतदाता फर्म, नयाँ मतदाता फारम भर्ने भएदेखि नयाँ मतदाता फारम भरेर जिल्ला निर्वाचन कार्यालय झापामा फोटो खिचाउन र बायोमेट्रिक दिन आउँदा मात्र हुन्छ ।जसका लागि अत्यन्तै छोटो समय बढीमा दुई मिनेटमा नयाँ मतदाताको काम सकिन्छ ।' दैनिक तीन सयको दर्ता गर्दासम्म त्यति ठूलो भीड नदेखिने, व्यवस्थितरुपमा काम भइरहेको उनको भनाई छ । कार्यालयले आइतबारदेखि मतदान स्थल पुनः अवलोकन गर्ने कामलाई निरन्तरता दिने बताइएको छ ।

निर्वाचन आयोगको स्वीकृत कार्यतालिका अनुसार मंसिर १ देखि १० गतेसम्म निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता, यस्तै पहिलो हुने निर्वाचित हुने( प्रत्यक्ष) निर्वाचन प्रणालीका लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने कार्यतालिका रहेको छ ।

यस्तै फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसार हुने र त्यसपछि प्रचारप्रसार निषेधको अवधि रहने कार्यतालिका तय गरिएको छ । फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान हुने र दुवै निर्वाचन प्रणालीतर्फको मतपेटिका संकलन भएपछि मतगणना प्रारम्भ गरिने कार्यक्रम रहेको आयोगले जनाएको छ ।

समानुपातिक निर्वाचन प्रणालीका लागि मंसिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने र पौष १८ र १९ गते बन्द सूची पेस गर्ने कार्यक्रम आयोगले तय गरेको छ ।

निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय मंसिर १ देखि १० गतेसम्म रहेको र आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले मात्र निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न पाउने कानुनी व्यवस्था रहेको हुँदा निर्वाचनमा भाग लिन चाहने सरोकारवालाले कात्तिक ३० अगावै राजनीतिक दल दर्ताको प्रमाणपत्र लिइसक्नु पर्ने आयोगले यसअघि नै सूचना दिएको छ ।

**झापामा...**

झापा गाउँपालिका, भद्रपुर, कनकाई, शिवसताक्षी र गौरादह नगरपालिकाको पाँच हजार १२ दशमलव ६३ हेक्टर जमिनमा लगाएको कृषिजन्य वस्तु बगाएको प्रमुख विष्टले बताए। उनका अनुसार अन्य पालिकाको तुलनामा झापा गाउँपालिकामा धेरै क्षति भएको जानकारी दिए। यो पालिकाको वडा नं १,२ र ३ का ४३१ किसानको पाँच करोड १४ लाख ४७ हजार बराबरको धान, आलु र केरा नष्ट भएको छ ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


# आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ